# महाधिवेशनको कार्यतालिका परिमार्जन गर्दै कांग्रेस

## क्रियाशील सदस्यता नटुंगिएका कारण कार्यतालिका प्रभावित भएपछि परिमार्जन गर्न लागिएको नेताहरूको भनाइ



● कांग्रेस प्रचार विभाग प्रमुख **मीन विश्वकर्मा** भन्छन्-

कार्यतालिकाअनुसार क्रियाशील सदस्यताको विषय ८ पुसभित्रै सक्नुपर्ने थियो। तर, अहिलेसम्म पनि भएको छैन। त्यसैले परिमार्जन गरेर जान सुझाव आएको छ। परिमार्जित कार्यतालिकाअनुसार अघि बढ्छौँ।



● क्रियाशील सदस्यता व्यवस्थापन समिति सदस्य **प्रकाश स्नेही** भन्छन्-

तोकिएको समयमा महाधिवेशन नहुने भए रातदिन काम गरेको के अर्थ ? तोकिएको समयमै महाधिवेशन हुनुपर्छ भन्नेमै छौँ, सोहीअनुसार काम गरिरहेका छौँ।

**प्रेम गौतम**/नयाँ पत्रिका



कांग्रेसले महाधिवेशनको कार्यतालिका परिमार्जन गर्ने भएको छ। क्रियाशील सदस्यता नटुंगिएका कारण कार्यतालिका प्रभावित भएपछि परिमार्जन गर्न लागिएको नेताहरूले बताएका छन्। ८ पुसभित्र क्रियाशील सदस्यताको विषय टुंगो लाग्नुपर्नेमा हालसम्म नटुंगिएकाले बाँकी कार्यतालिकासमेत प्रभावित अवस्थामा कसरी अर्को तालिका बनाउने भन्ने विषयमा छलफलकेन्द्रित भएको प्रचार विभाग प्रमुख मीन विश्वकर्माले बताए। जारी केन्द्रीय कार्यसम्पादन समिति बैठकमा नेताहरूले व्यावहारिक कार्यतालिका ल्याउन नेतृत्वलाई सुझाब दिएको उनले बताए।

'महाधिवेशनको कार्यतालिका अलिक अव्यावहारिक भयो भन्ने साथीहरूको गुनासो आयो। कार्यतालिकाअनुसार क्रियाशील सदस्यताको विषय ८ पुसभित्रै सक्नुपर्ने थियो। तर, अहिलेसम्म पनि त्यो काम सम्पन्न भएको छैन। त्यसैले कार्यतालिका परिमार्जन गरेर जान बैठकमा सुझाब आएको छ। हामी परिमार्जित कार्यतालिकाअनुसार अघि बढ्छौँ,' विश्वकर्माले भने। क्रियाशील सदस्यता नै प्रारम्भिक मतदाता भएकाले त्यसको टुंगो नलागेको अवस्थामा कसरी कार्यतालिका सार्वजनिक गर्ने भन्ने विषयमा छलफल जारी रहेको उनले बताए।

क्रियाशील सदस्यता टुंग्याएर १६ पुसमा वडा अधिवेशन गर्ने कार्यतालिका छ। १७ पुसमा पालिका अधिवेशन, १९ पुसमा प्रदेश सभा क्षेत्रीय अधिवेशन गर्ने तालिका छ। यस्तै, २१ पुसमा प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन र एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्लाको अधिवेशन गर्ने तालिका छ। २२ पुसमा दुई वा दुईभन्दा बढी निर्वाचन क्षेत्र रहेका जिल्ला अधिवेशन गर्ने तालिका छ। २३ र २४ पुसमा प्रदेश अधिवेशन र २६, २७ र २८ पुसमा काठमाडौंमा केन्द्रीय महाधिवेशन गर्ने कार्यतालिका छ।

२६-२८ पुसमा तोकिएको महाधिवेशन सारेर जानुपर्ने पक्षमा संस्थापन पक्ष देखिएको छ भने महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा पक्ष निर्धारित मितिमै महाधिवेशन गर्नुपर्ने अडानमा छ। त्यहीकारण संशोधित कार्यतालिका सार्वजनिक हुन नसकेको एक नेताले बताए। महामन्त्रीद्वय थापा र शर्मा पक्षले तोकिएको समयमा नियमित महाधिवेशन हुन नसके विशेष महाधिवेशनमा जाने चेतावनी दिँदै आएका छन्। विशेष महाधिवेशन पक्षधरले कानुन व्यवसायीसँग छलफलसमेत गरेका छन्।

क्रियाशील सदस्यता व्यवस्थापन समितिका सदस्य प्रकाश स्नेहीका अनुसार अघिल्लो महाधिवेशनको भन्दा यसपटक धेरै सदस्यता नवीकरण भएको छ। ७५ प्रतिशत सदस्यता नवीकरण भइसकेको उनले बताए। व्यवस्थापन समितिले छुटेको क्रियाशील सदस्यता केन्द्रबाट सीधै नवीकरण गर्ने व्यवस्थासमेत मिलाएको छ। 'तोकिएको समयमा महाधिवेशन नहुने भए हामीले रातदिन काम गरेको के अर्थ ?' स्नेहीले प्रश्न गर्दै भने, 'तोकिएको समयमै महाधिवेशन हुनुपर्छ भन्नेमा हामी छौँ। सोहीअनुसार हामीले काम गरिरहेका छौँ।' क्रियाशील सदस्यताको काम अन्तिम चरणमा पुगिसकेको र केही जिल्लामा विवाद भएका कारणले मात्रै समस्या भएको उनको दाबी छ।

क्रियाशील सदस्यताको विषयमा विवाद भएमा छानबिन गर्न सहमहामन्त्री महेन्द्र यादवको संयोजकत्वमा पाँच सदस्यीय सदस्यता छानबिन समिति बनाइएको छ। समितिमा केन्द्रीय सदस्यहरू शिवप्रसाद हुमागाईं, प्रा.डा. गोविन्दराज पोखरेल, अजयबाबु शिवाकोटी र शान्ति परियार विक छन्। समितिले विवाद भएका सदस्यताको विषयमा छानबिन गरेर व्यवस्थापन समितिलाई प्रतिवेदन बुझाउनेछ। त्यसपछि क्रियाशील सदस्यताको अन्तिम नामावली व्यवस्थापन समितिले पार्टी नेतृत्वलाई बुझाउनेछ।

विशेष महाधिवेशन पक्षधर कांग्रेस नेता मधु आचार्यले संस्थापन पक्षको महाधिवेशन गर्ने नियत नभएकाले समस्या भएको आरोप लगाएका छन्। उनले नियमित महाधिवेशन नभए २६-२८ पुसमै विशेष महाधिवेशन हुने दाबी गरे। विशेष महाधिवेशनमा १४औँ महाधिवेशनकै प्रतिनिधि सहभागी हुने र नेतृत्व चयन गर्ने उनको जिकिर छ। 'अहिलेको नेतृत्व लिएर आमनिर्वाचनमा जान सम्भव छैन। त्यसैले नेतृत्व परिवर्तन अनिवार्य छ। नियमित नभए विशेष महाधिवेशन गरेर नयाँ नेतृत्वसहित निर्वाचनमा जानुको विकल्प छैन,' घिमिरेले भने।

### कारबाही फिर्ता, घर फर्किन आह्वान

कांग्रेसले अनुशासनका कारबाहीमा परेकाहरूलाई माफी दिने र पार्टी परित्याग गरेकाहरूलाई घर फर्कन आह्वान गरेको छ। शनिबारको केन्द्रीय कार्यसम्पादन समिति बैठकले अनुशासनका कारबाहीमा परेकाहरूलाई माफी दिने र पार्टी परित्याग गरेकाहरूलाई घर फर्कन आह्वान गर्ने निर्णय गरेको प्रचार विभाग प्रमुख मीन विश्वकर्माले बताए। बैठक कार्यवाहक सभापति पूर्णबहादुर खड्काको सभापतित्वमा बसेको थियो। बैठकले आगामी २१ फागुनको निर्वाचनका लागि समानुपातिकतर्फका ११० उम्मेदवार चयनको मापदण्ड तयार पार्ने प्रक्रिया पनि प्रारम्भ भएको उनले बताए।

'बैठकले वर्तमान राजनीतिक अवस्था र आसन्न प्रतिनिधिसभा तथा राष्ट्रिय सभाको निर्वाचनलाई मध्यनजर गर्दै पार्टीलाई सुसंगठित बनाउने र बृहत् एकता कायम गर्ने उद्देश्यले विगतका निर्वाचनमा पार्टीका उम्मेदवार वा पार्टीले समर्थन गरेका उम्मेदवारका विरुद्ध उम्मेदवार भएका, तिनका प्रस्तावक र समर्थक वा असहयोग गरी अनुशासनविपरीतका काम गर्नेहरूमाथि केन्द्रीय अनुशासन समितिले गरेको निष्कासन, निलम्बन र पार्टीको विधान अनुसार स्वतः कारबाहीमा परेकाहरूको बाँकी अवधि माफी र मिनाहा गर्ने निर्णय भएको छ,' उनले भने। कारबाही माफी र मिनाहा भएकाहरूको क्रियाशील सदस्यतालाई निरन्तरता कायम गरी नवीकरण गर्ने निर्णय बैठकले गरेको छ। विगतमा विभिन्न कारणले पार्टी परित्याग गरेर स्वतन्त्र बनेका वा अन्य पार्टीमा गएर उम्मेदवार, प्रस्तावक वा प्रचारक बनेका नेता तथा कार्यकर्ताहरूलाई पार्टीमा फर्कन आह्वान गरेको छ। त्यसरी फर्किनेहरूलाई क्रियाशील सदस्यतासहित आवश्यक जिम्मेवारी प्रदान गर्ने निर्णय बैठकले गरेको छ।

### जनकपुरधाममा जाडो बिदा थप

**जनकपुरधाम**/ शीतलहर र हुस्सुका कारण अत्यधिक चिसो बढ्दै गएपछि जनकपुरधाम उपमहानगरपालिकाले सामुदायिक तथा संस्थागत विद्यालयमा जाडो बिदा थप गरेको छ। नगरकार्यपालिकाले शनिबार जारी गरेको सूचनाअनुसार मौसममा सुधार नआएको र विद्यार्थीलाई चिसोबाट जोगाउन आवश्यक देखिएकाले १३ देखि पुस पुससम्म विद्यालयमा जाडो बिदा दिइएको हो। यसअघि शुक्रबार एक दिन जाडो बिदा दिएको थियो।

### लागुऔषधसहित दुईजना पक्राउ

**पर्सा**/ सशस्त्र प्रहरीले शनिबार पर्सामा लागुऔषधसहित दुईजनालाई पक्राउ गरेको छ। पर्साको पटेर्वासुगौली गाउँपालिका- ५ मनिहर्वा चोकमा सुरक्षा बेस पोखरियाबाट डिएसपी शम्भु कटुवालको कमान्डमा खटिएको टोलीले भारततर्फ लैजाँदै गाँजासहित रवीन्द्र महतोलाई पक्राउ गरेको हो। त्यस्तै, बेतियाको बेहरा झुम्का- १४, घर भएका ३७ वर्षीय अशोक महतो सवार बिआर २२ ए ५३०२ नम्बरको मोटरसाइकलको सिटमुनि लुकाइछिपाइ राखेको अवस्थामा चार केजी तीन सय ग्राम लागुऔषधसहित पक्राउ परेका छन्।

## नागरिकता त्यागेका पूर्वराष्ट्रसेवकको रोकियो पेन्सन

नयाँ पत्रिका

नेपालको नागरिकता त्यागेर विदेशी नागरिकता लिएका पूर्वराष्ट्रसेवकको पेन्सन रोकिन थालेको छ। पेन्सनका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएपछि पेन्सन रोकिन थालेको हो। कतिपयले भने रोकिएको पेन्सन पाउनका लागि निवेदन दिन थालेका छन्। देशको नागरिकता नै त्यागिसकेकालाई पेन्सन दिने वा नदिने भन्ने विषयमा सरकारले केही निर्णय गरेको छैन। यस सम्बन्धमा हालको कानुनी प्रावधान पनि प्रस्ट छैन।

पेन्सन रोकिएपछि हालै पूर्वउपसचिव गायत्री पाण्डेले गृह मन्त्रालयदेखि पेन्सन व्यवस्थापन कार्यालयमा निवेदन दिएका छन्। डिभी परेपछि उनी जागिरबाट राजीनामा दिएर अमेरिका गएका थिए। दुई वर्षयता उनको पेन्सन रोकिएपछि नेपाल आएर निवेदन दिएका हुन्।

पेन्सनपट्टा हरेक आर्थिक वर्षमा नवीकरण गर्नुपर्ने हुन्छ। नवीकरण गर्दा राष्ट्रिय परिचयपत्र अनिवार्य चाहिने प्रावधान आर्थिक वर्ष ०८१/८२ देखि लागू भएको हो। विदेशी नागरिकता त्यागेकाहरूले पेन्सनपट्टा नवीकरण गर्न सकेका छैनन्। परियचपत्र अनिवार्य नगर्दा पुरानै नेपाली नागरिकता देखाएर उनीहरूले नवीकरण गर्दै आएका थिए। त्याग गरिसकेको जाँच गर्ने प्रणाली थिएन।

अहिले परिचयपत्र बनाउने क्रममा त्याग गरिसकेको नागरिकको विवरण पत्ता लाग्ने भएकाले पेन्सन रोकिएको हो। नागरिकता त्यागिसकेकाले राष्ट्रिय परिचयपत्र बनाउन नसक्दा पेन्सन रोकिएको निवृत्तिभरण व्यवस्थापन कार्यालयका सूचना अधिकारी राजभाइ श्रेष्ठले बताए। 'अहिले पेन्सन नवीकरणका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएको छ,' उनले भने, 'जसकारण कतिपयले आफ्नो पेन्सन रोकेर अन्याय भयो भनेर निवेदन दिनुभएको छ, त्यसमा हामी महालेखा नियन्त्रणको कार्यालयसँग छलफल गरिरहेका छौँ।' परिचयपत्र लागू गरिएपछि सामाजिक सुरक्षा भत्ता र पेन्सन दुवै लिने प्रवृत्तिमा पनि कमी आएको तथा कतिपयले त पेन्सन त्यागसमेत गरेको निवृत्तिभरण व्यवस्थापन कार्यालयले जनाएको छ।

पेन्सन रोकिएपछि कतिपय गैरआवासीय नेपालीले चित्त बुझाउने गरेका छन् भने कतिपयले भने कानुनविपरीत पेन्सन रोकिएको भन्दै असन्तुष्टि जनाएका छन्। बिदेसिएका नेपालीहरूले गैरआवासीय नेपाली नागरिकता भने पाउने सुविधा छ। तर, उनीहरूलाई राष्ट्रिय परिचयपत्र दिने प्रस्ट प्रावधान छैन। गैरआवासीय नेपाली नागरिकले हालसम्म राष्ट्रिय परिचयपत्र पाएका छैनन्। परिचयपत्र नहुँदा नेपालमा बैंक खाता खोल्नदेखि व्यवसायमा लगानी गर्न समस्या भएको उनीहरूले गुनासो गर्दै आएका छन्। यससम्बन्धी कानुनी व्यवस्था गरेर मात्र गैरआवासीय नेपालीलाई परिचयपत्र दिने गृह मन्त्रालयको तयारी छ।

गैरआवासीय नेपालीलाई व्यवसायलगायतको प्रयोजनका लागि परिचयपत्र दिए पनि पेन्सनको प्रयोजनका लागि भने दिन नहुने धेरैको राय छ।

■ सुशीला हत्या प्रकरण

## नन्द मीनाले स्वीकार गरिन् हत्यामा आफ्नो संलग्नता

नयाँ पत्रिका



सुशीला बम्जन



सुशीलाका नन्द मीना (बायाँ) र सासू मायारानी

सिन्धुली कमलामाई नगरपालिका- ४ धुरा बजारकी ३२ वर्षीया सुशीला घिसिङ बम्जनको हत्यामा उनकी नन्द मीना बम्जन संलग्न रहेको अनुसन्धानबाट खुलेको छ। उनले प्रहरीसँगको बयानमा आफ्नो संलग्नता रहेको स्वीकार गरेकी छिन्।

सुशीलाको गत ६ पुसको साँझ करिब ४ बजे धुरा बजारस्थित दुईतले घरको किचनमा पेट्रोल खन्याएर आगो लगाई हत्या गरिएको थियो। घटनालगत्तै प्रहरीले नन्द ३५ वर्षीया मीनासहित सासु मायारानी बम्जनलाई प्रहरीले पक्राउ गरेको थियो। त्यसवेलासम्म उनीहरूले घटनामा आफ्नो संलग्नता नभएको दाबी गर्दै आएका थिए। अनुसन्धानपछि भने मीनाले घटना स्वीकार गरेको जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रमुख एसपी लालध्वज सुवेदीले बताए। 'घटनालगत्तै मृतककी सासु मायारानी र नन्द मीनालाई पक्राउ गर्‍यौँ। विभिन्न कोणबाट अनुसन्धान सुरु भयो। तथ्य संकलन हुँदै गए। घटनामा प्रयोग भएको पेट्रोल मीनाले खरिद गरेको खुल्यो। हामीले उनीसँग बयान लियौँ। अहिलेसम्मको अनुसन्धानमा उनले घटना स्वीकार गरेकी छिन्,' उनले भने।



● एसपी **लालध्वज सुवेदी**
जिल्ला प्रहरी कार्यालय, सिन्धुली

**घटनालगत्तै मृतककी सासू मायारानी र नन्द मीनालाई पक्राउ गर्‍यौँ। विभिन्न कोणबाट अनुसन्धान सुरु भयो। तथ्य संकलन हुँदै गए। घटनामा प्रयोग भएको पेट्रोल मीनाले खरिद गरेको खुल्यो। हामीले उनीसँग बयान लियौँ। अहिलेसम्मको अनुसन्धानमा उनले घटना स्वीकार गरेकी छिन्।**

प्रहरीका अनुसार मीनाले घटना हुनु केही घन्टाअघि मात्रै नजिकैको बजारबाट प्लास्टिकको दुईवटा बोतलमा चार लिटर पेट्रोल किनेर ल्याएकी थिइन्। सात-सात वर्षीय दुई छोरा र छोरीलाई ट्यूसन सेन्टरबाट घर ल्याएकी सुशीला किचेनमा प्रवेश गरेकी थिइन्। सोहीक्रममा मीनाले लुकाई राखिएको पेट्रोल सुशीलाको शरीरमा खन्याएकी थिइन्। आगो लगाएर बाहिर निस्केकी उनले किचेनको ढोका बन्द गरेकी थिइन्। सुशीला भने बन्द किचेनमा गुहार माग्दै थिइन्।

सो दृश्य देख्न नसकेपछि प्यारालाइसिसबाट थलिएका सुशीलाका ससुरा दुर्गाबहादुर बम्जन ह्विलचियरमै गुडेर किचेनको ढोका खोल्न पुगेका थिए। जल्दै गरेकी सुशीला सोहीक्रममा बाहिर निस्केकी थिइन्। आगोको लप्काले दुर्गाबहादुरलाई पनि भेटेको थियो। सुशीलाका मामा सोनाम लामाका अनुसार उनको हातखुट्टामा गहिरो चोट लागेको छ।

'मीनाले सुशीलाको शरीरमा पेट्रोल खन्याएर आगो लगाइन्। जल्दै गरेकी भाउजुलाई किचेनमा थुनेर ढोका बन्द गरिन्। भित्र सुशीला जल्न थालिन्। पीडाले उनीभित्रै छटपटाउन थालिन्। यहीक्रममा बन्द ढोका खोल्न सुशीलाको ससुरा किचेन पुगे। ढोका खोलेलगत्तै सुशीला बाहिर निस्किइन्। यही क्रममा ससुराको ह्विलचियरमा अल्झिन पुगिन्। दुर्गाबहादुरको शरीरमा चोट लागेको सोहीकारण हो,' उनले भने।

मामा सोनामका अनुसार सुशीलाका श्रीमान् सूर्यबहादुर बम्जन वैदेशिक रोजगारका लागि दक्षिण कोरियामा छन्। उनीहरूको ०६७ मा मागी विवाह भएको हो। विवाह भएकै केही महिनामै दुईबिच खटपट सुरु भएको थियो। विवाद बढ्दै गएपछि उनले सुशीलालाई निर्घात कुटपिट गर्दै आएका थिए। दक्षिण कोरिया गएपछि पनि दुईबिचको सम्बन्ध राम्रो थिएन। सासु र ससुराले पनि सुशीलालाई दैनिक टोकस गर्दै आएका थिए। सम्बन्धविच्छेदपछि माइतमै बस्दै आएकी नन्द मीनाले उनलाई अझ धेरै तनाव दिने गर्थिन्। घटनाको दिन पनि सुशीलालाई मीनाले बिहानैदेखि मारिदिने धम्की दिएकी थिइन्। डराएकी उनले आफ्नो पीडा बहिनीलाई टेलिफोन गरी सुनाइन्। बहिनीको ढाडसपछि मात्रै ट्यूसनबाट फर्किएका छोराछोरीसँगै उनी घर प्रवेश गरेकी थिइन्। त्यहीक्रममा उनीमाथि मीनाले पेट्रोल खन्याएर आगो लगाइन्। चोटका कारण उनको घटनास्थलमै मृत्यु भयो।

प्रहरीका अनुसार सुशीला घर प्रवेश गरेलगत्तै मीनाले घरको मूलगेटमा ताला ठोकेर बन्द गरेकी थिइन्। ढोकाको च्यानल गेटमा पनि उनले साँचो लगाएकी थिइन्। घरमा निर्माण कार्य चल्दै थियो। घटनाका दिन मीनाले कामदारलाई समेत काममा नआउन भनेकी थिइन्। 'हालसम्मको अनुसन्धानमा घटनामा मीनाकै संलग्नता भएजस्तो देखिन्छ। नन्द-भाउजुबिचको इगो नै घटनाको मुख्य कारण रहेको जस्तो देखिन्छ,' एसपी सुवेदीले भने। सुशीलाको शव ६ दिनदेखि सिन्धुली अस्पतालमै छ। माइती पक्षले सुशीलाका पति सूर्यबहादुरलाई दक्षिण कोरियाबाट झिकाउनुपर्ने र तीन सन्तान (बालबालिका)का नाममा पैतृक सम्पत्ति नआएसम्म शव नबुझ्ने अडान राखेको हो।


रिज लाइन इनर्जी लिमिटेड
Ridge Line Energy Ltd.

रजिष्टर्ड कार्यालय, ललितपुर महानगरपालिका-१, ललितपुर, फोन नं.: ०१-५९००११४
(आयोजनाको नाम : सुपर चेपे जलविद्युत आयोजना-९.०५ मे.वा.)
वेवसाईटः https://www.ridgeline.com.np, इमेल : info@ridgeline.com.np

आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरु र वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको निमित्त साधारण शेयर निष्काशन तथा बिक्री खुल्ला गरिएको बारे सूचना

रिज लाइन इनर्जी लिमिटेडले आफ्नो जारी पूँजी रु.१,१८,५०,००,०००/- (एक अर्ब अठार करोड पचास लाख) को २२% अर्थात् रु.२६,०७,००,०००/- (छब्बिस करोड सात लाख) को २६,०७,००० कित्ता (छब्बिस लाख सात हजार) साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गर्नेछ। जस मध्ये जारी पूँजीको १०% अर्थात रु.११,८५,००,०००/- (एघार करोड पचासी लाख) रकम बराबरको रु.१०० अंकित दरका ११,८५,००० कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि तथा सार्वजनिक निष्काशन गरिने शेयरको १० प्रतिशत अर्थात रु.१,४२,२०,०००/- (एक करोड बयालिस लाख बिस हजार) रकम बराबरको रु.१००/- अंकित दरका १,४२,२०० कित्ता शेयरहरु नेपाल सरकारको सम्बधित निकायबाट श्रम स्वीकृत प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुका लागि **आज मिति २०८२ पुस १३ गते आइतबारदेखि** निष्काशन तथा बिक्री खुल्ला गरिएको व्यहोरा संम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

| आयोजना प्रभावित क्षेत्र | छुट्याइएको शेयर संख्या | पुँजी रकम (रु) |
|---|---|---|
| प्रभावित क्षेत्र : गोरखा जिल्लाका अजिरकोट गाउँपालिकाको सम्पुर्ण वडाहरु र लमजुङ जिल्ला दुधपोखरी गाउँपालिकाको वडा नं. १, २, ३ तथा दोर्दी गाउँपालिकाको वडा नं. ४, ५, ६ | ११,८५,००० | ११,८५,००,०००/- |

| आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुका लागि | | वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि | |
|---|---|---|---|
| दरखास्त दिनुपर्ने न्युनतम कित्ता : | १० कित्ता | दरखास्त दिनुपर्ने न्युनतम कित्ता : | १० कित्ता |
| दरखास्त दिन पाउने अधिकतम कित्ता : | ५०,००० कित्ता | दरखास्त दिन पाउने अधिकतम कित्ता : | ५०,००० कित्ता |

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु. १००/- प्रति शेयरको दरले

| सि.नं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं, नेपाल, वेवसाइट : www.prabhucapital.com फोन नं.– ०१- ४१६९१००, ५९७०२०० |
| २. | रिज लाइन इनर्जी लिमिटेड, ल.म.न.पा-०१, ललितपुर वेवसाइट : www.ridgeline.com.np |
| ३. | नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुरको वेवसाइटः www.sebon.gov.np |
| सि.नं. | **दरखास्त फारम प्राप्त गर्न र बुझाउने स्थान** : आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फारम लिने व्यवस्था गरिएको छ : |
| १. | **आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको हकमा :** १. रिज लाइन इनर्जी लिमिटेड आयोजना कार्यालय, गोरखा। २. प्रभु क्यापिटल लिमिटेडको कमलादी तथा यस क्यापिटलले निर्माण गरिएको अनलाईन https://ipoapply.prabhucapital.com लिङ्क मा गई आवेदन दिन सक्नेछन्। ३. प्रभु बैंक लिमिटेड छेपेटार शाखा गोरखा। ४. प्रभु बैंक लिमिटेड पालुङटार शाखा गोरखा। ५. ग्लोबल आईएमई बैंक लिमिटेड दोर्दी शाखा, लमजुङ। ६. राष्ट्रिय वाणिज्य बैंक लिमिटेड भच्चेक शाखा, गोरखा। **आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाले शेयर खरीद आवेदन प्राप्त गर्नका लागि दरखास्त फारम बापत रु.२/-(दुई रुपैया) शुल्क बुझाउनु पर्नेछ।** |
| २. | **वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु** : नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट सि-आस्वा (C–ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ। |

| आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुका लागि साधारण शेयरको विक्री खुल्ला अवधि | | वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि साधारण शेयरको विक्री खुल्ला अवधि | |
|---|---|---|---|
| निष्काशन खुल्ला मिति : | २०८२/०९/१३ | निष्काशन खुल्ला मितिः | २०८२/०९/१३ |
| निष्काशन बन्द हुने मिति (छिटोमा) : | २०८२/०९/२८ (बैकिङ्ग समय पश्चात्) | निष्काशन बन्द हुने मिति (छिटोमा) : | २०८२/०९/१७ (बैकिङ्ग समय पश्चात्) |
| निष्काशन बन्द हुने मिति (ढिलोमा) : | २०८२/१०/१२ (बैकिङ्ग समय पश्चात) | निष्काशन बन्द हुने मिति ढिलोमा) : | २०८२/०९/२८ (बैकिङ्ग समय पश्चात्) |

कम्पनीको संक्षिप्त वित्तीय विवरण सम्बन्धी विवरण

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| प्रति शेयर आम्दानी रु. | २१।५७ | १२।३० | ७।९२ | ८।०२ | ११।२२ | १२।५१ |
| प्रति शेयर नेटवर्थ रु. | १३६।६९ | १२६।३९ | १३१।३६ | १२५।०८ | १३६।२९ | १४८।७९ |
| संचित नाफा नोक्सान (रु हजारमा) | ८६,८७७।०२ | १५९,५५१।२७ | २८९,८५५।७३ | २९७,२५७।१२ | ४,३०,०७२।२४ | ५७८,२०६।७३ |
| प्रति शेयर आम्दानी रु. (IFRIC 12 बाहेक) | -२।१७ | ८।९२ | ७।९२ | ८।०२ | ११।२२ | १२।५१ |
| प्रति शेयर नेटवर्थ रु. (IFRIC 12 बाहेक) | ९२।२० | १०५।७५ | ११८।२८ | ११५।२२ | १२६।७५ | १३९।५९ |
| संचित नाफा नोक्सान (रु.हजारमा) (IFRIC 12 बाहेक) | -१८,४६८।३१ | ३४,७६९।७६ | १६८,९८९।०६ | १८०,३०५।३० | ३१७,०३५।२६ | ४६९,०८४।५९ |

| आयोजनाको नाम | उत्पादन क्षमता | कुल लागत रकम | प्रति मेगावाट लागत रकम | विद्युत उत्पादन अनुमति प्राप्त गरेको मिति |
|---|---|---|---|---|
| सुपर चेपे जलविद्युत आयोजना | ९.०५ मे.वा | रु.२ अर्ब ९ करोड ६० लाख | रु.२३ करोड १६ लाख | २०७८/०२/०७ |
| **अनुमति बहाल रहने मिति** | **विद्युत उत्पादन अनुमतिको बाकी अवधी** | **साधारण लगानी फिर्ता हुने अवधी** | **डिस्काउन्टमा लगानी फिर्ता हुने अवधी** | **परियोजना सरकारलाई हस्तान्तरण गर्ने मिति** |
| २११३/०२/०६ | ३० वर्ष ११ महिना | ७ वर्ष ४ महिना | १० वर्ष ९ महिना | २११३/०२/०६ |

क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था :

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (सातौं संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूवर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटीङ्ग नेपाल लिमिटेड पुतलीसडक, काठमाडौंबाट इस्यूवर रेटिङ्ग गराई CARE-NP BB(Is) [Double B (Issuer)] रेटिङ्ग प्राप्त गरेको छ। CARE-NP BB (Is) ले "Moderate risk of default regarding timely servicing of financial obligations, in Nepal" जनाउँदछ जसको नेपालीमा "समयमै वित्तीय दायित्व भूक्तानीका सन्दर्भमा मध्यम स्तरको जोखिम रहेको" बुझिन्छ। केयर नेपाल लिमिटेडले CARE-NP AAA(Is) देखि CARE-NP D (Is) सम्मको रेटिङ्ग प्रदान गर्दछ जसमा ग्रेड CARE-NP AAA(Is) ले बलियो आधार जनाउँछ र CARE-NP D(Is) ले कमजोर आधार जनाउँदछ। यसको अर्थ CARE-NP BB (Is) को स्थिति CARE-NP BBB(Is) को भन्दा एक चिन्ह तल रहन्छ। रेटिङ्ग ग्रेड प्रदान गरेको मितिः सेप्टेम्बर १८,२०२५, रेटिङ्ग ग्रेड बहाल रहने अवधिः अक्टोबर ८, २०२६

लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनुहुन अनुरोध गर्दछौं।

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८२ पुस ०३ गतेको "नयाँ पत्रिका" राष्ट्रिय दैनिकमा प्रकाशित आव्हान-पत्र वा निष्काशन कम्पनीको वेभसाइट www.ridgeline.com.np, नेपाल धितोपत्रवोर्डको वेभसाइट www.sebon.gov.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.prabhucapital.com मा रहेको विवरण पत्र हेर्नुहुन अनुरोध गर्दछौं।

यस विवरणपत्र मार्फत निष्काशन भएका शेयरहरु मध्ये आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि बिक्री वितरण गरेको शेयर सर्वसाधारणका लागि निष्काशन गरिएको शेयर बाँडफाँट भएको मितिले तीन वर्ष पूरा नभए सम्म अरु कसैंलाई कई बिक्री वा हस्तान्तरण गर्न पाइने छैन।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

prabhu CAPITAL (A Subsidiary of Prabhu Bank Limited)

प्रभु क्यापिटल लिमिटेड
कमलादी, काठमाडौं, नेपाल, फोन नं.: ०१-४१६९१००, ५९७०२००
Email : info@prabhucapital.com, Web: www.prabhucapital.com